## आ. व. २०८०/८१ को दोस्रो त्रैमासमा सार्वजनिक गरिएको सूचनाहरु देहाय बमोजिम रहेका छन् ।

**क. फर्स्ट माइक्रोफाइनान्सको स्वरुप र प्रकृति :**

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको थोक लघुकर्जा प्रदायक लघुवित्त वित्तीय संस्था हो । यस संस्थाले ऐन, नियम तथा निर्देशनहरुको पालना गर्दै लघुवित्त वित्तीय संस्था र सामुदायिक सहकारीहरुलाई थोक कर्जा प्रवाह गर्छ भने प्रत्यक्ष रुपमा सर्वसाधारणको निक्षेप संकलन वा सर्वसाधारण जनतालाई कर्जा लगानी गर्ने गरेको छैन । सार्वजनिक सेवा भन्नाले सरकारी कार्यालय वा सार्वजनिक संस्थाले सर्वसाधारण जनतालाई पुऱ्याउने सेवा सम्झनु पर्छ । यस संस्थाले सर्वसाधारणलाई प्रत्यक्ष सेवा प्रदान नगर्नुका साथै हालसम्म कुनै पनि सरकारी अनुदान वा अन्य सहायता नलिएको कारण यस संस्था सार्वजनिक संस्थाको परिभाषाको दायरा भित्र पर्दैन । साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ग) बमोजिमको सार्वजनिक संस्थाको परिभाषा र राजपत्रको सूचना बमोजिम यस संस्थाले बैकिङ्ग सेवा प्रदान गर्ने गरेको छैन ।

**ख. फर्स्ट माइक्रोफाइनान्सको काम, कर्तव्य र अधिकार :**

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३; नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा अन्य सम्बन्धित कानूनले तोके बमोजिम रहेको छ ।

**ग. फर्स्ट माइक्रोफाइनान्समा रहने कर्मचारी संस्था र विवरण :**

लघुवित्त वित्तीय संस्थामा यस त्रैमास मसान्तमा १९ (करारमा रहेका समेत) कर्मचारी कार्यरत रहेको छ र लघुवित्त वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम www.fmdb.com.np/management-team मा हेर्न सकिन्छ ।

**घ. फर्स्ट माइक्रोफाइनान्सबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम "घ" वर्गको इजाजत प्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले दिने सम्पूर्ण सेवाहरु प्रदान हुँदै आएको छ ।

**ङ. सेवा प्रदान गर्ने फर्स्ट माइक्रोफाइनान्सको शाखा र जिम्मेवार अधिकारी :**

लघुवित्त वित्तीय संस्थाको २ वटा शाखा रहेको छ जसको विवरण संस्थाको वेबसाईट www.fmdb.com.np/contact-us मा प्रकाशित गरिएको छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

यस बैंकले प्रदान गर्ने विभिन्न सेवा शुल्क सूचना पाटीमा टाँस गरिएको छ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकार :**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानून, नीति नियम, निर्देशिका तथा सञ्चालक समितिले समय समयमा गर्ने निर्णयहरुको अधिनमा रही सम्पादन गर्नका निम्ति तोकिएका

अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । लघुवित्त वित्तीय संस्थाको नीतिगत निर्णय लिने तथा व्यवस्थापनलाई आवश्यक मार्गदर्शन तथा नीति निर्देशन प्रदान गरी व्यवस्थापनको कामहरुलाई नियन्त्रण तथा अनुगमन गर्नका लागि लघुवित्त वित्तीय संस्थाको सञ्चालक समिति कार्यरत रहेको छ र सञ्चालक समितिको नीति निर्देशन तथा निर्णयहरुको अधिनमा रही लघुवित्त वितीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

लघुवित्त वित्तीय संस्थाको वेबसाईट www.fmdb.com.np/contact-us मार्फत उजुरी गर्न सकिन्छ । उजुरी सुन्नका लागि हाल नायब प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार गरेको छ :

श्री दानराज पन्त, नायब प्रमुख कार्यकारी अधिकृत
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि., ज्ञानेश्वर, काठमाडौं
फोन नं : ४५२५३६१, ४५२५३५८, ईमेल : danaraj@fmdb.com.np

**झ .सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था ऐन २०७३, बमोजिम "घ" वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने बैंक तथा वित्तीय संस्था र लघुवित्तीय संस्थाहरुसंग कर्जा तथा ऋणको कारोबारहरु गर्दै आइरहेको छ ।

**ञ. सूचना अधिकारीको नाम र पद :**

ग्राहक तथा अन्य सरोकारवालाहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।

श्री दानराज पन्त, नायब प्रमुख कार्यकारी अधिकृत
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि., ज्ञानेश्वर, काठमाडौं
फोन नं : ४५२५३६१, ४५२५३५८, ईमेल : danaraj@fmdb.com.np

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

लघुवित्त वित्तिय संस्थाले पालना गर्नुपर्ने देहाय बमोजिनका ऐन, नियम, विनिमय वा निर्देशिकाहरुको पालना गरेको छ ।

१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२ नेपाल राष्ट्र बैंक ऐन, २०५८
३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४ कम्पनी ऐन, २०६३
५ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६ सम्पत्ती शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७ धितोपत्र सम्वन्धी ऐन, २०६३
८ करार ऐन, २०५६
९ आयकर ऐन, २०५८
१० बोनस ऐन, २०३०
११ उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१२ नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशन तथा परिपत्रहरु

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ भने को वेबसाईट https://www.fmdb.com.np/reports/Interim-Financial मा समेत प्रकाशित गरिएको छ ।

**ड. अघिल्लो आर्थिक वर्षमा फर्स्ट माइक्रोफाइनान्सले कुनै कार्यक्रम वा आयोजना संचालनको विवरण:**

लघुवित्त वित्तीय संस्थाले थोक लघुकर्जा प्रदान गर्ने कार्य गर्दै आईरहेको छ र विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना वा सञ्चालन गरेको छैन ।

**ढ. फर्स्ट माइक्रोफाइनान्सको वेबसाईट भए सोको विवरण :**

यस लघुवित्त वित्तीय संस्थाको वेबसाइट यसप्रकार छ : www.fmdb.com.np

**ण. फर्स्ट माइक्रोफाइनान्सले प्राप्त गरेको सरकारी सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

यस संस्थाले कुनै पनि सरकारी सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त तथा सोको लागि सम्झौता गरेको छैन ।

**त. फर्स्ट माइक्रोफाइनान्सले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**

लघुवित्त वित्तीय संस्थाले थोक लघुकर्जा प्रदान गर्ने कार्य गर्दै आईरहेको छ र विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना वा सञ्चालन गरेको छैन ।

**थ. फर्स्ट माइक्रोफाइनान्सले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

लघुवित्त वित्तीय संस्थाले सार्वजनिक गर्न सकिने र गोप्य राखिने सूचना गरी सूचनाको वर्गिकरण गरिएको छ । नियमनकारी निकायको ऐन, नियम र निर्देशनले सार्वजनिक गर्नुपर्ने सूचना मात्र सार्वजनिक सूचनाको रुपमा वर्गीकरण गरिएको छ ।

**द. फर्स्ट माइक्रोफाइनान्समा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**

यस त्रैमासमा लघुवित्त वित्तीय संस्थाको कुनै सूचना माग भएको छैन ।

**ध. फर्स्ट माइक्रोफाइनान्सको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भए सोको विवरण :**

वार्षिक विवरणको प्रतिवेदन प्रकाशित गरी लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ । त्रैमासिक आर्थिक विवरणहरु राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै लघुवित्त वित्तीय संस्थाको वेबसाईटमा समेत प्रकाशित गर्दै आएको छ ।

मिति : २०८०।१०।०३